# मिति २०७७।०७।०६ गतेको ९५ औ कार्यपालिका बैठकका निर्णयहरु

**निर्णय नं. १** : (क) यस नगरपालिकाको संक्षिप्त वातावरणिय अध्ययन तथा प्रारम्भिक वातावरणीय परिक्षण कार्यविधि, २०७७ को १४ दफा बमोजिम प्राविधिक समितिको सिफारिसमा इन्भाइरोमेन्ट सर्भिसेज एण्ड इन्जिनियरिङ कन्सल्टेन्सी प्रा.लि, काठमाण्डौले पेश गरेको झुप्रा खोला, गिरिघाट खोला र भेरी नदी बगर क्षेत्रको विभिन्न घाटहरुबाट ढुंगा,गिट्टि र बालुवाको दिगो संकलन तथा उत्खनन, कार्यका लागि प्रारम्भिक वातावरणीय परिक्षण (IEE) को मस्यौदामा विस्तृत छलफल गरियो । छलफलको क्रममा प्राप्त राय सुझाव सहित प्रतिवेदनमा समावेश हुने गरी स्वीकृत गरियो ।

(ख) यस निर्णय बमोजिम स्वीकृत संक्षिप्त वातावरणिय अध्ययन तथा प्रारम्भिक वातावरणीय परिक्षण (IEE) ले औल्याएका राय सुझावको कार्यान्वयन गर्नेगरी पेश भएका स्थान र परिमाणमा नबढ्ने गरी तत्काल ठेक्का व्यवस्थापन गर्ने ।

(ग) नदिजन्य पदार्थको निकासी तथा बिक्रि वितरण ठेक्का व्यवस्थापन गर्दा कम्तीमा १५(पन्ध्र) दिनको म्याद दिई विधुतीय माध्यमबाट बढोबढको दरभाउपत्र (Tender) आव्हान गर्ने ।

(घ) समग्र नगरपालिकाको पूर्वाधार विकासलाई मध्यनजर गर्दा झुप्रा गिरीघाट र भेरी नदिबाट निष्काशित पदार्थले नपूग हुने भएकोले देहायका बैकल्पिक स्थानहरुमा समेत प्राविधिक समितिको सिफारिसमा प्रारम्भिक वातावरणीय परिक्षण (IEE) गरि कार्यपालिकामा पेश गर्न कार्यालयलाई निर्देशन दिने ।

**देहाय**

| | | | |
|---|---|---|---|
| १. च्युरीबगर भेरी वडा न. १० | २. इत्राम खोला | ३. खार्के खोला | ४.खहरे खोला वडा न. १ |
| ५. गगरि क्षेत्र वडा न. १३ | ६. सोत खोला वडा न. १४ | ७. व्यवोराघारी वडा न. २ | ८. खारखोली वडा न. ६ |

(ङ) यस नगरपालिकाको नदिजन्य पदार्थको अनुगमन समितीको मिति २०७७।०७।०४ को निर्णय तथा सिफारिसलाई अनुमोदन गरी तत्काल कार्यान्वयनमा ल्याउने ।

**निर्णय नं. २** : (क) यस नगरपालिकाको बसपार्क व्यवस्थापन समितिको मिति २०७७।०७।०३ को निर्णय तथा सिफारिस अनुमोदन गरी तत्काल कार्यान्वयन गर्ने ।

**निर्णय नं. ३** : (क) लाटिकोइली स्वास्थ्य चौकीलाई १५ शैयाको अस्पताल निर्माण सम्बन्धमा प्राप्त पत्र तथा निर्देशिकाहरुको बारेमा जानकारी बैठकमा भयो । सो परियोजनाको लागि चालु आर्थिक वर्षमा रु. एक करोड विनियोजन भएकोमा आधारभूत अस्पताल भवन निर्माण सम्बन्धी निर्देशिका,२०७७ को दफा (३) बमोजिम सम्पूर्ण कार्यहरु सोही बजेट शीर्षकबाट भूक्तानी हुने गरी परामर्श सेवा खरिद गरी गर्ने ।

(ख) वेपत्ता पारिएका व्यक्तिको छानबिन आयोगको च.न २४१, मिति २०७७।०४।११ को पत्रको बारेमा जानकारी भयो । सो पत्र बमोजिम तत्काल कार्य अघि बढाउने ।

वीरेन्द्रनगर कार्यपालिकाको
बैठक संख्या ९५ मिति २०७७।०७।०६
को निर्णय प्रमाणित।

(ग) गरिब घर परिवार पहिचान तथा परिचयपत्र वितरण कार्यक्रमको बारेमा जानकारी भयो । सो सम्बन्धमा देहाय बमोजिम गर्ने ।

१. हाल सम्म वडागत संकलित तथ्याङ्क सहितको विवरण वडा कार्यालयमा पठाई सो को शुद्धताको परिक्षण गर्ने ।

२. अभियानमा छुट भएका कुनै परिवार भए समावेश हुनको लागि एफ.एम रेडियो तथा पत्रिकाबाट ७ दिने सूचना प्रकाशन/प्रशारण गर्ने ।

**निर्णय नं. ४ :** कर्णाली प्रदेश स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुको सुविधा सम्बन्धी एन २०७७ को दफा ११ बमोजिम यस नगरपालिकाका पदाधिकारी तथा सदस्यहरुले बैठकमा भाग लिदा एनमा जुनसुकै कुरा लेखिएको भएता पनि देहाय बमोजिम गर्ने ।

**देहाय**

(क) प्रत्येक बैठकमा सहभागी भए वापत कार्यपालिका बैठकको प्रति बैठक प्रति पदाधिकारी/कर्मचारी रु १५००।-

(ख) कार्यपालिका बाहेकमा अन्य सबै समितिहरुको प्रति बैठक प्रति पदाधिकारी/कर्मचारी रु १०००।- उपलब्ध गराउने ।

**निर्णय नं. ५ :** बैठकमा उपस्थित सम्पुर्णमा विजयादशमी २०७७ को शुभकामना आदान प्रदान भयो ।

बीरेन्द्रनगर कार्यपालिकाका
बैठक संख्या ९५ मिति २०७७/०७/०६
को निर्णय प्रमाणित।

Scanned with CamScanner